# कालिमाटी गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ४** **संख्याः १** **मितिः२०७९/०६/१३**

**भाग-२**

## कालिमाटी गाउँपालिका

## तिन पाङ्ग्रे सवारी साधन सञ्चालन मापदण्ड, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः२०७९/०६/११

कालिमाटी गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने तिन पाङ्ग्रे अटो तथा ई-रिक्सालाई व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही मिति २०७९/०६/११ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित गरि तिन पाङ्ग्रे सवारी साधन सञ्चालन मापदण्ड, २०७९ लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम तिन पाङ्ग्रे सवारी साधन सञ्चालन मापदण्ड, २०७९ रहेको छ।

(२) यो मापदण्ड कालिमाटी गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई कालिमाटी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) **स्थानीय तह** भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिम गठित गाउँपालिका सम्झनु पर्दछ ।

(ख) **गाउँपालिका** भन्नाले कालिमाटी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) **मापदण्ड** भन्नाले कालिमाटी गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने अटो तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन गर्न बनाईएको **तिन पाङ्ग्रे सवारी साधन सञ्चालन मापदण्ड**, २०७७ सम्झनु पर्दछ ।

(घ) **कार्यपालिका** भन्नाले कालिमाटी गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) **अध्यक्ष** भन्नाले कालिमाटी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) **उपाध्यक्ष** भन्नाले कालिमाटी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले कालिमाटी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) **तिन पाङ्ग्रे सवारी साधन** भन्नाले यस मापदण्ड बमोजिम कालिमाटी गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता भई कालिमाटी गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने अटो तथा ई-रिक्सालाई सम्झनु पर्दछ ।

**३. तिन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन समिति गठनः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने अटो तथा ई-रिक्सा प्रभावकारी रुपमा सञ्चालन व्यवस्थापन गरी आवश्यक मार्गदर्शन प्रदान गर्न गाउँपालिकामा एक तिन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने तिन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन समितिमा देहायका पदाधिकारी हुनेछन् ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) विषयगत समितिहरुका संयोजकहरु | सदस्य |
| (ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख/प्रतिनिधी | सदस्य |
| (च) स्थानीय ट्राफिक प्रहरी प्रतिनिधी | सदस्य |
| (छ) अटो व्यवसायी समितिको प्रमुख/प्रतिनिधी | सदस्य |
| (ज) पूर्वाधार विकास शाखाको प्रमुख | सदस्य |
| (झ) प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

(३) उपदफा (२) बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । अध्यक्षको आदेशले सदस्य-सचिवले समितिको बैठक बोलाउनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. अटो तथा ई-रिक्सा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा (३) बमोजिम गठित तिन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन समितिको देहाय बमोजिमको काम कर्तव्य र अधिकार रहनेछन् ।

क. कालिमाटी गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने अटो तथा ई-रिक्सालाई व्यवस्थित गर्न आवश्यक नीतिगत निर्णय गरी मार्गदर्शन प्रदान गर्ने ।

ख. अटो तथा ई-रिक्साको पार्किङ्ग स्थल तोक्ने ।

ग. अटो तथा ई-रिक्साको स्थान अनुसार भाडा दर निर्धारण गर्ने ।

घ. सेवा क्षेत्र निर्धारण तथा कलस्टर अनुसार अटो तथा ई-रिक्साको संख्या तोक्ने ।

ङ. गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने अटो तथा ई-रिक्साको संख्या निर्धारण गर्ने ।

च. अटो तथा ई-रिक्सा व्यवसायी एवं यात्रुहरुबीच हुने विवादको समाधान गर्न आवश्यक सहजिकरण गर्ने।

छ. गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने अटो तथा ई-रिक्साको बाटो ईजाजत-पत्र दिने ।

**५. दर्ता, नवीकरण र खारेजीः** (१) प्रत्येक अटो तथा ई-रिक्सा व्यवसायीले कानून बमोजिम सम्बन्धित यातायात कार्यालयमा दर्ता एवं नवीकरण गर्नुपर्नेछ ।

(२) यस गाउँपालिका क्षेत्रभित्र अटो तथा ई-रिक्सा सञ्चालन गर्ने व्यवसायीले रु. १०००। (अक्षरुपी एक हजार रुपैंया मात्र) दर्ता शुल्क तिरेको रसिद सहित अनुसूची-१ मा तोकिएको ढाँचामा अटो तथा ई-रिक्सा दर्ताका लागि गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अटो तथा ई-रिक्सा दर्ता गर्दा निम्न लिखित कागजात पेश गर्नुपर्नेछः

क. गाउँ कार्यपालिकाको कार्यालयमा तोकिएको ढाँचामा निवेदन पेश गर्ने ।

ख. प्रदुषण मापदण्डभित्र परेको प्रमाणित पत्र ।

ग. सक्कल भन्सार पत्र/भन्सार महशुल तिरेको रसिद ।

घ. फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र ।

ङ. आयकर दर्ताको कागजात/करचुक्ता प्रमाणपत्रको प्रतिलिपी/VAT दर्ताको प्रतिलिपी ।

च. सवारी साधनको ईन्जिन च्यासिसको फोटो ।

छ. बीमाको कागजात ।

ज. सवारी कर आयकर तिरेको रसिद ।

झ. वित्तिय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तिय संस्थाको दर्ता प्रमाणपत्र, आयकर (PAN) करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपी ।

ञ. सवारी धनी स्वयं उपस्थित हुनुपर्नेछ ।

ट. सवारी चालक अनुमतिपत्र ।

(४) उपदफा (२) बमोजिम निवेदन र उपदफा (३) बमोजिम आवश्यक कागजातहरु जाँचबुझ गरी प्रमुख प्रशासकीय अधिकृतले सात दिनभित्र अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ ।

(५) गाउँपालिकामा दर्ता भई सञ्चालनमा आएका अटो तथा ई-रिक्साले वार्षिक रुपमा रु. ५००। (अक्षरुपी पाँच सय रुपैंया मात्र) दस्तुर बुझाई नवीकरण गर्नुपर्नेछ । नवीकरण गर्दा निम्नलिखित कागजातहरु पेश गर्नुपर्नेछः

क. नगरपालिकाबाट तोकिएको ढाँचामा निवेदन पेश गर्ने ।

ख. प्रदुषण मापदण्डभित्र परेको प्रमाणित गरिदिएको पत्र ।

ग. दर्ता गर्दा वा अघिल्लो आर्थिक वर्षमा नवीकरण गर्दा बुझाएको सवारी दर्ता तथा नविकरण शुल्क तिरेको रसिदको प्रतिलिपी ।

घ. सवारी साधन कार्यालयमा ल्याई तोकिएको प्राविधिक कर्मचारीबाट चेकजाँच गराउनुपर्ने ।

ङ. बीमाको कागजात ।

च. सवारी चालकको सवारी चालक अनुमतिपत्रको प्रतिलिपी ।

छ. सवारी धनी स्वयं उपस्थित हुनुपर्नेछ । स्वयं उपस्थित हुन नसक्ने भएमा सवारी धनीले मञ्जुरीनामा दिएको पत्र ।

(६) नियमानुसार प्रदुषण मापदण्ड पुरा नगरेको, कार्यालयमा सवारी साधन चेकजाँच गर्दा सवारी सञ्चालन गर्न उचित नदेखिएमा र वार्षिक नवीकरण हुनुपर्ने समयभित्र नभई एक वर्ष म्याद नाघेको सवारी साधनलाई दर्ता खारेजी गरिनेछ । यसरी खारेजी भएका सवारी साधनहरु पुनः दर्ता हुन आएमा उपदफा (२) को प्रक्रिया अनुसार दर्ता गर्नुपर्नेछ ।

**६. बाटो ईजाजतपत्र सम्बन्धी व्यवस्थाः** (१) यस गाउँपालिका क्षेत्रभित्र अटो तथा ई-रिक्सा सञ्चालन गर्ने व्यवसायीले अर्धवार्षिक रुपमा रु. ५००। (अक्षरुपी पाँचसय रुपैंया मात्र) दस्तुर सहित अनुसूची-३ मा तोकिएको ढाँचामा अटो तथा ई-रिक्साको बाटो ईजाजतपत्रका लागि गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) प्रत्येक सवारी व्यवसायीले अर्धवार्षिक रुपमा बाटो ईजाजतपत्र लिन निम्न अनुसारको कागजात पेश गर्नुपर्नेछ ।

क. गाउँ कार्यपालिकाको कार्यालयबाट तोकिएको ढाँचामाको निवेदन ।

ख. नवीकरण भएको ब्लुबुकको प्रतिलिपी ।

ग. जाँचपास प्रमाणपत्र ।

घ. बीमा (सवारी, चालक, यात्रु र तेश्रो पक्ष) भएको प्रतिलिपी ।

ङ. माग भएको रुट खुलाउनुपर्ने ।

च. चालकको लाइसेन्सको प्रतिलिपी र नागरिकताको प्रतिलिपी ।

छ. तोकिए बमोजिमको दस्तुर बुझाएको नगदी रसिद ।

ज. अर्को क्षेत्रबाट अनुमति लिई आएकोमा सो कार्यालयको सहमति पत्र ।

झ. सवारीधनी स्वयं उपस्थित नभएमा मञ्जुरीनामा पेश गर्नुपर्ने ।

(३) उपदफा (१) बमोजिम निवेदन र उपदफा (२) बमोजिम आवश्यक कागजातहरु जाँचबुझ गरी समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सात दिनभित्रमा अनुसूची-४ को ढाँचामा बाटो ईजाजतपत्र उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाटो ईजाजतपत्र प्रत्येक सवारी साधनले अनिवार्य रुपमा बोक्नुपर्नेछ ।

**७. बाटो ईजाजतपत्र सम्बन्धी विशेष व्यवस्थाः** (१) बाटो ईजाजतपत्रको अवधि छ महिनाको हुनेछ । म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र बाटो ईजाजतपत्र नवीकरण गराई सक्नुपर्नेछ ।

(२) पन्ध्र दिनपछि थप तीस दिनसम्म अर्थात शुरु म्याद समाप्त भएको पैतालिस दिनसम्म दोब्बर दस्तुर तिरी नवीकरण गराउन सकिनेछ । सो म्याद पश्चात थप एक हजार जरिवाना दस्तुर लिई बाटो ईजाजतपत्र दिन सकिनेछ।

(३) नवीकरण गर्न कुनै निकायबाट रोक्का नभएको हुनुपर्नेछ ।

(४) बाटो ईजाजतपत्र नवीकरण गर्दा बीमा वा जाँचपास अवधिले नभ्याउने भएमा जुन अवधि पहिला सकिन्छ सो उल्लेख गरी नवीकरण गरिदिने र पछि उक्त कागजात ल्याई आएमा बाँकी रहेको अवधि सोही दस्तुरको आधारमा नवीकरण गरिदिने ।

(५) तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा अनुमति नलिई सञ्चालन गर्न पाइनेछैन ।

**८. चालकले पालना गर्नुपर्ने नियमहरुः** (१) प्रत्येक सवारी चालकले निम्नानुसारको नियम अनिवार्य रुपमा पालना गर्नुपर्नेछः

क. सवारी चालक अनुमतिपत्र, ब्लु बुक र बाटो इजाजतपत्र साथमा लिएर मात्र सवारी चलाउनुपर्ने ।

ख. बीमा नवीकरण गरेको प्रमाण-पत्र साथमा राखी सवारी साधन चलाउनुपर्ने ।

ग. अटो रिक्साको यान्त्रिक अवस्था ठिक भए/नभएको चेकजाँच गरेर मात्र सवारी साधन चलाउनुपर्ने । तोकिएको भार, क्षमता र गतिमा मात्र सवारी साधन चलाउनुपर्ने ।

घ. मादकपदार्थ तथा लागु औषध सेवन गरी सवारी चलाउन पाइने छैन साथै प्रतिबन्धित मालसमान तथा चिजवस्तु ओसारपसार समेत गर्न पाइने छैन ।

ङ. सवारी चलाउँदा मोबाइल फोनको प्रयोग र ठुलो आवाजमा गीत संगीत बजाएर सवारी चलाउन पाइने छैन । सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी साधन चलाउनुपर्ने ।

च. लेन अनुशासनको पालना गर्नुपर्ने, आफूभन्दा अगाडिको सवारी साधनसँग Breaking Distance कायम गर्नुपर्ने ।

छ. अटोरिक्साको अगाडीको भाग चालकको दायाँ बायाँ यात्रु तथा मालसामान राख्न पाइने छैन ।

ज. अटो रिक्साको अगाडिको भाग चालकको दायाँ बायाँ यात्रु तथा मालसामान राख्न पाइने छैन साथै सवारीको बाहिरी भागमा मालसामान तथा यात्रु राख्न र झुण्ड्याउन पाइने छैन ।

झ. सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिदै यात्रुमैत्री व्यवहार गर्नुपर्ने साथै अशक्त, वृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुऱ्याउनुपर्ने छ ।

ञ. सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाइने छैन साथै सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ ।

ट. रातिको समयमा यात्रा गर्दा लाइटको सही सदुपयोग गर्नपर्नेछ । अटोरिक्सा तीव्र गतिमा चलाउने र आफूखुसी सवारी साधनको स्वरुप परिवर्तन गर्ने जस्ता कार्य गर्न पाईने छैन ।

ठ. अटो तथा ई-रिक्सा मुख्य सडकमा सञ्चालन गर्ने, सडकको जथाभावी प्रयोग गर्ने, शारीरिक तथा मानसिक अवस्था ठिक नभएकोले सवारी चलाउने जस्ता कार्य गर्न पाइने छैन । होसियारी पूर्वक सवारी साधन चलाउनुपर्नेछ ।

ड. सवारी दुर्घटना, सवारी आवागमन अवरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

९. **यात्रु सुरक्षाः** यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्न अनुसारको नियमहरु पालना गर्नु/गराउनु पर्नेछः

क. अटो तथा ई-रिक्साहरुको दाहिने तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न नमिल्ने बनाउनुपर्ने ।

ख. स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा देखिने गरी टाँस्नुपर्ने ।

ग. अटो तथा ई-रिक्सामा मापदण्ड विपरित साउण्ड सिस्टमक राख्न पाइने छैन ।

घ. यात्रुहरुले यात्राका बखत जथाभावी फोहर नफाल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१०. बीमा सम्बन्धी व्यवस्थाः** (१) सवारी धनी वा व्यवसायीले बीमा वापतको रसिद काटेको आधारमा दुर्घटना भएपछि बीमित रकम नपाइने

हुनाले अनिवार्य रुपमा सम्बन्धित बीमा कम्पनीसँग सो रकम बराबरको बीमा पोलिसी वा प्रमाणपत्र लिनुपर्नेछ ।

(२) गाउँपालिकाले बीमा पोलिसी कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धी कुनै पनि सेवाहरु प्रदान गर्ने छैन ।

(३) प्रत्येक सवारीले ऐन र नियमावलीले तोके बमोजिमको दुर्घटना बीमा, मजदुर बीमा, तेश्रो पक्ष बीमा आदिको बीमा गरेको हुनुपर्नेछ ।

(४) बाटो इजाजत जारी वा नवीकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा बीमाको नाम र बहाल अवधि जनाउनुपर्नेछ ।

(५) सवारी बीमा तथा यात्रु विमा वापतको कुनै पनि रकम गाउँपालिकाबाट भुक्तानी हुनेछैन ।

**११. जरिवाना सम्बन्धी व्यवस्थाः** (१) सम्बन्धित निकायबाट अनुमति नलिई सवारी साधनको रंग, सिट, स्वरुप, ईन्जिन, च्यासिसको हेरफेर गरी आवागमनमा बाधा पुऱ्याएमा गाउँपालिकाले आवश्यकता अनुसार एक हजार देखि पाँच हजारसम्म जरिवाना गर्नेछ ।

(२) तल उल्लिखित अनुसारको कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले नियमानुसार जरिवाना गर्नेछ सो रकम तत्काल बुझाउन नसक्नेलाई चौविस घण्टाभित्र गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ र गाउँ कार्यपालिकाको कार्यालयले कसुर खुलाई पहिलो पटक पाँच सय, दोश्रो पटक एक हजार, तेश्रो पटक पन्ध्र सय र त्यसपछि पटकै पिच्छे दोब्बर जरिवाना गरी सचेत गराउन सक्नेछ ।

क. ट्राफिक सङ्केत वा इशारा उलङ्घन गरी चलाएमा ।
ख. पार्किङ निषेध गरिएको ठाउँ वा समयमा पार्किङ गरेमा ।
ग. ध्वनी सङ्केत निषेध गरिएको ठाउँमा ध्वनी सङ्केत दिएमा ।
घ. गलत साइडतर्फ सवारी चलाएमा ।
ङ. एकतर्फी सडकमा सो विपरित चलाएमा ।
च. अवस्था ठिक नभएको सवारी चलाएमा ।
छ. निर्धारित गतिभन्दा तिब्र गतिमा सवारी चलाएमा ।
ज. रातिमा बत्ती नबाली सवारी चलाएमा ।
झ. मादक पदार्थ सेवन गरी सवारी चलाएमा ।
ञ. नम्बर प्लेट नराखी सवारी चलाएमा ।
ट. निर्धारित सिट भन्दा बढी यात्रु राखी सवारी चलाएमा ।
ठ. सवारीको चालकले यात्री लिन इन्कार गरेमा ।

ड. निर्धारित भाडादर भन्दा बढी भाडा लिई सवारी चलाएमा ।

ढ. लापरवाही साथ सवारी चलाएमा ।

ण. बाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएमा ।

त. चालक अनुमति पत्र र ब्लु बुक साथमा नराखी सवारी चलाएमा ।

**१२. जाँचपास सम्बन्धी व्यवस्था:** (१) प्रत्येक अटो रिक्सा व्यवसायीले ६/६ महिनामा सम्बन्धित प्राविधिकबाट अनिवार्य रुपमा जाँचपास गराउनुपर्नेछ । जाँचपास सम्बन्धित प्राविधिकबाट व्यवसायी आफैले गराउनु पर्नेछ ।

(२) जाँचपास अवधि सकिएको सात दिनभित्र जाँचपास गराउनुपर्नेछ । सो अवधिमा जाँचपास नगर्ने व्यवसायीको अटो तथा ई-रिक्सा गाउँपालिका र ट्राफिक प्रहरीले सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(३) जाँचपास सम्बन्धी मापदण्ड प्रचलित कानूनले तोके बमोजिम पुरा भएको हुनुपर्नेछ ।

**१३. भाडादरः** (१) गाउँपालिका भित्र सञ्चालन हुने सवारी साधनले सडकको अवस्था अनुसार गाउँपालिका क्षेत्रभित्र प्राविधिक रुपले अटो तथा ई-रिक्सा चलाउन सकिने सडक खण्डको प्राविधिक जाँचपास गरी दफा (३) बमोजिम गठित समितिले तोके बमोजिम भाडादर कायम हुनेछ । तोकिएको भाडादर भन्दा बढी असुल गरेको पाइएमा दफा (११) को उपदफा (२) बमोजिमको दण्ड सजाय तथा जरिवाना गरिनेछ ।

(२) भाडादरलाई वैज्ञानिक बनाउन समयानुकूल भाडादरको हेरफेर गरिनेछ । भाडादर परिवर्तन गर्नुपर्ने अवस्था आएमा दफा (३) बमोजिम गठित समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।

**१४. अनुगमनः** गाउँ कार्यपालिकाको कार्यालय र ट्राफिक प्रहरीले मापदण्डमा उल्लेख भए बमोजिम अटो तथा ई-रिक्सा सञ्चालन भए नभएको अनुगमन गर्न सक्नेछ ।

**१५. संसोधनः** यस मापदण्डका प्रावधानहरु संसोधन गर्नुपरेमा गाउँ कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

**१६. विविधः** यस मापदण्डमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसुची-१**

**(दफा ५ को उपदफा २ संग सम्बन्धित)**

**<u>अटो तथा इ– रिक्सा दर्ताका लागि दिईने दरखास्तको ढाँचा</u>**

श्रीमान कार्यालय प्रमुख ज्यु,
कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय
रामपुर सल्यान ।

**विषयः अटो तथा ई-रिक्सा दर्ता/नविकरण सम्बन्धमा ।**

उपरोक्त विषयमा निम्न अनुसारको विवरण भएको सवारीलाई दर्ता/नविकरणका लागि लाग्ने दस्तुर र आवश्यक प्रमाणपत्रहरु राखी दरखास्त दिइएको छ । नियमानुसार सवारी दर्ता/नविकरण गराइपाँउ ।

१. यातायातको विवरण-
 (क) यातायात सेवाको नामः-
 (ख) यातायात सेवा दर्ता मितिः-
 (ग) यातायात सेवाको नवीकरण अवधिः-
 (घ) यातायात सेवा दर्ता गर्ने कार्यालयः-
 (ङ) यातायात सेवा रहेको मुख्य कार्यालयको स्थान र फोन नं.-
 (च) अन्य

२. सवारी धनीको विवरण –
 (क) सवारी धनीको नाम थरः-
 (ख) ठेगानाः-
 (ग) सवारी व्यवस्थापकको नाम थरः-
 (घ) सवारी व्यवस्थापकको ठेगानाः-

३. सवारीको विवरण-
 (क) सवारी नं.-
 (ख) दर्ता मितिः-
 (ग) सवारीको किसिमः-
 (घ) सवारीको इन्जन नं.-
 (ङ) सवारीको चेसिस नं.-
 (च) सवारीको मोडेल नं. र निर्माता कम्पनीः-
  ➢ मोडेलः- (आ) निर्माता कम्पनीः-
 (छ) निर्माण भएको सालः-
 (ज) सवारीको वजन क्षमता
  (अ) कुल वजनः- (आ) भारवाहन क्षमताः-
 (झ) अन्यः-

४. जाँचपास सम्बन्धि विवरणः-

(क) जाँचपास भएको मिति र अवधि – मितिः- अवधिः-
(ख) जाचपास गरिदिने कार्यालयः-

५. सवारी बीमा सम्बन्धि विवरणः-

(क) सवारी बीमाः- (अ) बीमा भएको मिति - (आ) अवधि –
(आ) बीमा गर्ने कम्पनी वा निकाय –

(ख) यात्री बीमाः- (अ) बीमा भएको मिति - (आ) अवधि –
(इ) बीमा गर्ने कम्पनी वा निकाय –

(ग) मजदुर बीमाः- (अ) बीमा भएको मिति - (आ) अवधि –
(ई) बीमा गर्ने कम्पनी वा निकाय –

(घ) तेस्रो पक्ष बीमाः- (अ) बीमा भएको मिति -
(आ) अवधि – (इ) बीमा गर्ने कम्पनी वा निकाय -
(ई) यात्री बीमा –

I. बीमा भएको मिति -
II. II. अवधि –
III. बीमा गर्ने कम्पनी वा निकाय –

६. सवारीमा काम गर्ने कर्मचारीको विवरणः-

(क) चालकः- (अ) नाम थर -
(आ) ठेगानाः-
(इ) अनुमतिपत्र दिने कार्यालय र अनुमतिपत्र नं.-

(ख) परिचालकः- (अ) नाम थर-
(आ) ठेगाना –
(इ) अनुमतिपत्र दिने कार्यालय र अनुमति पत्र नं.-

(ग) अन्य कर्मचारीः- (अ) नाम थर –
(आ) ठेगाना –
(इ) अनुमतिपत्र दिने कार्यालय र अनुमतिपत्र नं.-

९. यात्री बाहक सवारी भएमा टिकट काउन्टर रहने स्थानः-

१०. सवारी नचलेको समयमा वा अवधिमा सवारी पार्किङ गर्ने स्थानः-

११. अन्य विवरणः-

(क) (ख) (ग)

<u>निवेदकको</u> सही –

नाम थर – ठेगाना –
मिति –

**अनुसूची-२**

दफा ५ को उपदफा ४ सँग सम्बन्धित

कालिमाटी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान ।

**अटो तथा ई-रिक्सा दर्ता प्रमाणपत्र**

दर्ता नं. मितिः

निम्न विवरण भएको सवारी साधनलाई सम्वत .................... मा कालिमाटी गाउँपालिकाको तिन पाङ्ग्रे सवारी साधन सञ्चालन सम्बन्धी मापदण्ड, २०७९ को दफा ५ को उपदफा ४ बमोजिम दर्ता गरी यो प्रमाणपत्र दिईएको छ ।

विवरण

सवारी धनीको नाम, थरः

स्थायी ठेगानाः

हालको ठेगानाः

सवारी धनीको नागरिकता नं.

सवारीको किसिमः

सवारीको क्षमताः

सवारीको ईन्जिन नं.

सवारीको चेसिस नं.

सवारीको मोडेल नं.

सवारीको रंगः

........................................

प्रमुख प्रशासकीय अधिकृत

१. यो प्रमाणपत्रको म्याद सवारी साधन दर्ता गरिएको मितिले १ वर्ष सम्म र त्यसपछि प्रत्येक पटक नवीकरण भए मुताविक बहाल रहने हुनाले अवधि समाप्त हुनु भन्दा अगावै अनिवार्य रुपमा नवीकरण गराई सक्नु पर्नेछ ।

२. सवारी धनी तथा सवारी चालकले कालिमाटी गाउँपालिकाको तिन पाङ्ग्रे सवारी साधन सञ्चालन मापदण्ड, २०७९ र अन्य प्रचलित कानूनको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

### अनुसुची-३

### (दफा ६ को उपदफा १ संग सम्बन्धित)

### <u>अटो तथा इ– रिक्साको बाटो इजाजतपत्रको लागि दिईने दरखास्तको ढाँचा</u>

श्रीमान कार्यालय प्रमुख ज्यु,
कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय
रामपुर सल्यान ।

विषयः अटो तथा ई-रिक्साको बाटो ईजाजत-पत्र सम्बन्धमा ।

उपरोक्त विषयमा निम्न अनुसारको विवरण भएको सवारीलाई बाटो इजाजतपत्र पाउनको लागि लाग्ने दस्तुर र आवश्यक प्रमाणपत्रहरु राखी दरखास्त दिइएको छ । नियमानुसार बाटोको इजाजतपत्र उपलब्ध गराइपाँउ ।

७. यातायातको विवरण-
- (छ) यातायात सेवाको नामः-
- (ज) यातायात सेवा दर्ता मितिः-
- (झ) यातायात सेवाको नवीकरण अवधिः-
- (ञ) यातायात सेवा दर्ता गर्ने कार्यालयः-
- (ट) यातायात सेवा रहेको मुख्य कार्यालयको स्थान र फोन नं.-
- (ठ) अन्य

८. सवारी धनीको विवरण –
- (ङ) सवारी धनीको नाम थरः-
- (च) ठेगानाः-
- (छ) सवारी व्यवस्थापकको नाम थरः-
- (ज) सवारी व्यवस्थापकको ठेगानाः-

९. सवारीको विवरण-
- (ञ) सवारी नं.-
- (ट) दर्ता मितिः-
- (ठ) सवारीको किसिमः-
- (ड) सवारीको इन्जन नं.-
- (ढ) सवारीको चेसिस नं.-
- (ण) सवारीको मोडेल नं. र निर्माता कम्पनीः-
  - ➢ मोडेलः- (आ) निर्माता कम्पनीः-
- (त) निर्माण भएको सालः-
- (थ) सवारीको वजन क्षमता
  - (उ) कुल वजनः- (आ) भारवाहन क्षमताः-

(द) अन्यः-

१०. सवारीको बाटो इजाजत पत्र माग गरेको क्षेत्र वा बाटोको विवरणः-

(क) (ख)

(ग) (घ)

(ङ) (च)

११. यस अघि कुन कार्यालयबाट बाटो इजाजतपत्र प्राप्त गरेको भए सो को विवरणः-

(क) पाएको बाटोः-

(ख) इजाजत पत्र पाएको नं. र मितिः-

(ग) बहाल अवधिः-

(घ) इजाजत दिने कार्यालयः-

(ङ) सहमति पत्र पाएको मितिः-

१२. जाँचपास सम्बन्धि विवरणः-

(ग) जाँचपास भएको मिति र अवधि – मितिः- अवधिः-

(घ) जाचपास गरिदिने कार्यालयः-

१३. सवारी बीमा सम्बन्धि विवरणः-

(ङ) सवारी बीमाः- (अ) बीमा भएको मिति - (आ) अवधि –

(ऊ) बीमा गर्ने कम्पनी वा निकाय –

(च) यात्री बीमाः- (अ) बीमा भएको मिति - (आ) अवधि –

(ऋ) बीमा गर्ने कम्पनी वा निकाय –

(छ) मजदुर बीमाः- (अ) बीमा भएको मिति - (आ) अवधि –

(ऌ) बीमा गर्ने कम्पनी वा निकाय –

(ज) तेस्रो पक्ष बीमाः- (अ) बीमा भएको मिति -

(आ) अवधि –

(इ) बीमा गर्ने कम्पनी वा निकाय -

(ई) यात्री गुण्टा बीमा –

IV. बीमा भएको मिति -

II. अवधि –

V. बीमा गर्ने कम्पनी वा निकाय –

१४. सवारी काम गर्ने कर्मचारीको विवरणः-

(ख) चालकः- (अ) नाम थर -

(आ) ठेगानाः-

(इ) अनुमतिपत्र दिने कार्यालय र अनुमतिपत्र नं.-

(ख) परिचालकः- (अ) नाम थर-

(आ) ठेगाना –

(इ) अनुमतिपत्र दिने कार्यालय र अनुमति पत्र नं.-

(ग) अन्य कर्मचारीः-

(अ) नाम थर –

(आ) ठेगाना –

(इ) अनुमतिपत्र दिने कार्यालय र अनुमतिपत्र नं.-

९. यात्री बाहक सवारी भएमा टिकट काउन्टर रहने स्थानः-

१०. सवारी नचलेको समयमा वा अवधिमा सवारी पार्किङ गर्ने स्थानः-

११. अन्य विवरणः-

(क)

(ख)

(ग)

<u>निवेदकको</u>

सही –

नाम थर –

ठेगाना –

मिति –

<u>कार्यालय प्रयोजनको लागि</u>

१. उक्त सवारी माग गरेको बाटोको इजाजत पत्र दिन सकिने – नसकिने विवरण खुलाउने –

(क) बाटो इजाजत पत्र दिन नसकिने भए सो को कारण खुलाउने –

१.

२.

अनुसूची-४

(दफा ६ को उपदफा ३ संग सम्बन्धित)

कालिमाटी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

कर्णाली प्रदेश नेपाल

**बाटो इजाजतपत्र**

इजाजत दिने अधिकारीको

नामः- दर्जाः-

दस्तखतः- मितिः-

चेसिसको लम्वाईः- इन्जिन नम्बरः-

मोडेलः- गाडी नं.-

सवारी निर्माण गर्ने कम्पनी वा सस्थाको नाम र ठेगानाः-

बडी तयार गर्ने कारखानाको नाम ठेगानाः-

इजाजत पत्र नं.-

सवारीको किसिमः-

सवारी धनी वा व्यवस्थापकको नामः-

बीमा अवधीः (क) चालक, परिचालक लगायत कर्मचारीको

(ख) यात्रुको

(ग) तेस्रो पक्षको

| इजाजत पत्र पाएको क्षेत्र/रुट | बहाल अवधि | इजाजत पत्र दिने वा नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति | कै. |
|---|---|---|---|
| | | | |
| | | | |

आज्ञाले,

खिम बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत